# नौबहिनी गाउँपालिकाको गाउँसभा द्धारा स्वीकृत

आर्थिक वर्ष २०७५/०७६ को

# विनियोजन ऐन, २०७५

गाउँसभाद्धारा स्वीकृत मिति २०७५/०३/३०

नौबहिनी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय,**

लुङ्ग बहाने प्यूठान

ईमेल ठेगाना : naubahinirm@gmail.com

# नौबाहिनी गाउँपालिकाको विनियोजन ऐन, २०७५

नौबाहिनी गाउँपालिकाको आर्थिक बर्ष २०७५\०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नौबाहिनी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नौबाहिनी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नौबाहिनी गाउँपालिकाको विनियोजन ऐन, २०७५"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७५\०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५\०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३५८७४१४६०। (अक्षरुपी पैतिस करोड सतासी लाख एकचालिस हजार चार सय साठ्ठी रुपैया मात्र) रु १७८३७४६०। (अक्षरुपी एक करोड अठहत्तर लाख सैतिस हजार चार सय साठ्ठी रुपैया मात्र ) घाटा बजेट समेत नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५\०७६ को निमित्त नौबाहिनी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा

रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची– १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | शशर्त अनुदान | विभिन्न कोष तर्फ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | गाउँ कार्यपालिका | ९१६२२०४०। | १२५२१९४२०। | १३८९००००००। | ३००००००। | ३५८७४१४६०। | १७८३७४६०। (घाटा बजेट) |
| २ | वडा समिति | | | | | | |
| ३ | विषयगत शाखा | | | | | | |
| ४ | ऋणको साँवा ब्याज भूक्तानी | | | | | | |
| ५ | लगानी (सेयर\ऋण) | | १७८३७४६०। (घाटा बजेट) | | | | |